ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक ३००
१७ साउन २०८० बुधबार
2 Aug. 2023, Wednsday
www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधै र सबैको लागि खबर खोज्ने अभियान

खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

# मधेसको खडेरीप्रति उपराष्ट्रपतिदेखि मुख्यमन्त्री, नगरप्रमुखसम्मलाई चिन्ता





**खबर दर्पण समाचारदाता**
**साउन १६ गते, महोत्तरी**

मधेस नेपालकै अन्न भण्डारको रुपमा चिनिन्छ । यद्यपि यस वर्ष वर्षा नै नभएकाले मधेसभरी खडेरी परेको छ । नेपालकै अन्न भण्डारको रुपमा रहेको मधेसमा खडेर परेकोमा एक कार्यक्रममा उपराष्ट्रपतिदेखि मुख्यमन्त्री, प्रदेशप्रमुख तथा नगर प्रमुखसम्मकाले चिन्ता व्यक्त गरेका छन् ।

महोत्तरीको मटिहानी नगरपालिकामा उपराष्ट्रपति रामसहाय प्रसाद यादवको नागरिक अभिनन्दन कार्यक्रममा उनीहरुले चिन्ता व्यक्त गरेका हुन् । यसका साथै कृषि प्रधान देश नेपालका लागि महत्वपूर्ण रहेको गाई भैंसीमा लाग्ने लम्पी स्कीन रोग समेत चिन्ताको विषय बनेको हो ।

कार्यक्रममा उपराष्ट्रपति यादवले वर्षा नहुँदा यस क्षेत्रका किसानका साथै आमजनताले धेरै समस्याको सामना गर्नु परि रहेकाले संवेदनशील भई समस्याको निराकरण गर्न तर्फ लाग्न प्रदेश सरकारलाई आग्रह गरे ।

सोही कार्यक्रममा सहभागी प्रदेश प्रमुख हरिशंकर मिश्रले अहिले जनप्रतिनिधिहरुको प्रमुख दायित्व पानीको समस्या समाधान गर्नु रहेको बताए । मधेसमा खडेरी पर पछि खेतीपाती गर्न समस्या भएकै छ त्यसमाथी चापाकलबाट पानी आउन छोडेको छ, प्रदेश प्रमुख मिश्रले भने 'अहिले सिंचाईको समस्या समाधान गर्न सम्भव छैन, त्यसैले प्रत्येक जनता समक्ष खानेपानी कसरी पुग्छ त्यता तर्फ लाग्नुस मुख्यमन्त्री ज्यू ।' आफ्नो परिवार र आफ्नो समाज मात्रैलाई नभई यहाँका जनताका लागि काम गर्न उनले सबै जनप्रतिनिधिलाई आग्रह गरे ।

मुख्यमन्त्री सरोजकुमार यादवले खडेरीको समस्या र लम्पी स्कीन रोगको प्रकोप मधेसमा विकराल रुप लिई सकेकाले मधेस सरकार ले सो को विकल्पमा के उपाय हुन सक्छ त्यो कार्य गर्न तत्पर रहेको प्रतिवद्धता व्यक्त गरे । उनले भने 'अहिले मधेसभरी खडेरी छ, चापाकलमा पानी आईरहेको छैन, खडेरीको समयमा कसरी खेतीपाती गर्न सकिन्छ त्यसकालागि विकल्प खोजीरहेका छौं ।' यस्तो समयमा नदिको पानी खेत खेतसम्म पुर्याएर हुन्छ कि डीप बोरिङ्गबाट पानी तानेर हुन्छ खेतीपातीका लागि सहज वातावरणको श्रृजना गरिने प्रतिवद्धता व्यक्त गरे ।

यसका साथै मुख्यमन्त्री यादवले प्रदेशका जनताको समस्या समाधान गर्नका लागि हेलो सिएम फोन नम्बर संचालनमा ल्याउन लागेको समेत जानकारी दिए ।

मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले मटिहानीको उर्वर भूमिमा समेत खडेरीका कारण धान रोपाईं हुन नसकेकोमा चिन्ता व्यक्त गरे । उनले यो नगरलाई सुख्खा क्षेत्र घोषणा गरी विशेष राहतको व्यवस्था गर्न सरकारसंग माग गरे ।

## मटिहानी नगरपालिकामा नेपालकै अग्लो झन्डोत्तोलन गरियो

**खबर दर्पण समाचारदाता**
**साउन १६ गते, महोत्तरी**

महोत्तरीको मटिहानी नगरपालिकामा नेपालकै अग्लो झन्डोत्तोलन गरिएको छ। उपराष्ट्रपति रामसहायप्रसाद यादवले मंगलबार मटिहानीमा एक सय १० फिट अग्लो पोलमा २५८२५ फिट साइजको झन्डा उनले उद्धाटन गरेका हुन्।

भारतीय सीमासँग जोडिएको मटिहानी अब नेपालकै सबैभन्दा अग्लो झन्डा भएको स्थान भएको छ। झन्डोत्तोलनपश्चात् कार्यक्रममा उपराष्ट्रपति यादवलाई नागरिक अभिनन्दन गरिएको थियो।

मटिहानीमा उद्धाटन भएको झन्डा भारतबाट समेत देखिन्छ। सबैभन्दा उच्च स्थानको झन्डा भने गोरखाको लिगलिगकोटमा रहेको छ। झन्डोत्तोलनपछि उपराष्ट्रपति यादवले मटिहानीस्थित लक्ष्मीनारायण मठ र संस्कृत माविको अवलोकन भ्रमण गरी परिबाबा मजारमा चादरसमेत चढाएका थिए।

## पत्रकार पोखरेलमाथि हातपात गर्ने असई महतो निलम्बित



**सप्तरी**/सप्तरीका पत्रकार तथा मानवअधिकारकर्मी मनोहरकुमार पोखरेलमाथि हातपात गर्ने प्रहरी सहायक निरीक्षक (असई) राजेश्वर महतो निलम्बित भएका छन् ।

समाचार संकलनका लागि सोमबार जिल्ला प्रहरी कार्यालय पुगेका पत्रकार पोखरेललाई असई महतोले दुर्व्यवहार गर्दै कुटपिट गरेका थिए ।

महतोलाई निलम्बन गर्न जिल्ला प्रहरी कार्यालयले मधेश प्रहरी कार्यालयलाई सिफारिस गरेको थियो ।

मंगलबारदेखि नै लागू हुने गरि उनलाई निलम्बन गरिएको सप्तरी प्रहरीका प्रबक्ता नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

नेपाल पत्रकार महासंघ, सप्तरीले कुटपिट गर्ने असईलाई कार्वाहीको माग गर्दै आन्दोलनको चेतावनी दिएको थियो ।

## सिराहामा युवकको शव फेला

**सिरहा** / सिराहामा एक युवकको शव फेला परेको छ ।

गोलबजार नगरपालिका- २ गागन खोलाको पशिचम किनारमा मंगलबार बिहान करिब २५ वर्षीय युवकको शव फेला परेको प्रहरीले जनाएको छ। गागन खोलाकिनारको झाडीमा शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

शवको प्रकृति हेर्दा युवकको हत्या गरी फालिएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ। टाउकामा चोट लागेको र घाँटीमा गम्छा बाँधिएको अवस्थामा शव भेटिएकाले हत्या भएको हुन सक्ने गोलबजार इलाका प्रहरी कार्यालयले जनाएको छ।

अन्यत्र कतै हत्या गरी शव झाडीमा फालिएको हो कि भन्ने आशंका भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक रवीन्द्रराज पाण्डेले बताए। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

बालबालिकाहरुलाई अनिर्वा विद्यालय पठाऔं । शिक्षा दिएर असल नागरीक बनाऔं ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

मठिहानी नगरपालिका कार्यालय
महोत्तरी

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

## सम्पादकीय

# लम्पी स्किन रोग नियन्त्रणका लागि सरकार गम्भीर बन्नुपर्छ

पशुको जीउमा खटिरा आउने, ज्वरो आउने, मुख खुट्टामा घाउ हुनेलगायत यो रोगका मुख्य लक्षण हुन्। रोग नियन्त्रणका लागि भ्याक्सिन लगाउन थालेको करिब डेढ वर्ष भइसकेको छ। गत वर्ष पनि यसको संक्रमण फैलिएको थियो। तर, त्यतिबेला 'सिरियसली' हेरिएन। यो वर्ष त महामारीकै रूप लियो। विषालु भाइरसबाट हुने यो रोगको ठ्याक्कै उपचार हुँदैन। तर, यसको लक्षणअनुसार उपचार गर्ने हो। यसबाट पशुलाई बचाउन समयमै भ्याक्सिन लगाउनुपर्छ। समयमै सबैलाई भ्याक्सिन लगाउन पाएको भए केही हदसम्म नियन्त्रण गर्न सकिन्थ्यो होला।

साउन ५ देखि मात्रै पशु सेवा विभागले लम्पी स्किन रोगको नियन्त्रणका लागि पहल गरेको थियो। ७ सय ५३ वटै स्थानीय तहमा रोगको अवस्थाबारे सरकारले जानकारी लिइसकेको छ। यसैले अब सरकारले ती स्थानमा तुरुन्तै खोपको व्यवस्था गर्नुपर्‍यो। रोग नपुगेका ठाउँमा त खोपका लागि ढिलाइ नै गर्नुहुँदैन। किनभने रोग लागिसकेकालाई भ्याक्सिन लगाउन मिल्दैन। केवल उपचार गरेर निको पार्ने हो। तर, यसको उपचारमा प्रयोग हुने औषधिहरूको बजारमा उपलब्धता कम छ भन्ने गुनासो छ। सयवटा रोग लागेका वस्तुको उपचार गर्दा ५ वटा मरिरहेका छन्।

रोग लागेका पशुलाई किसान आफैंले पनि उपचार गर्न सक्छन्। पारासिटामोल सुई, एन्टिएलर्जी सुई र रोगसँग लड्ने प्रतिरोधात्मक क्षमता बढाउने खालका औषधि र भिटामिनहरू पशुमा प्रयोग गर्न सक्छन्। यस्ता सामान्य औषधिहरू स्थानीय तहले वडा र किसानको घरसम्मै व्यवस्था गरी दियो भने धेरै पशु बचाउन सकिन्छ। रोग लागेका पशुलाई अरू बेलाभन्दा बढी खाना खुवाउनुपर्छ। खानामा जोड दियो भने पनि पशुलाई रोगसँग लड्ने क्षमतामा सहयोग मिल्छ। अहिले बर्खाको बेला छ। प्रसस्तै हरियो घाँस पाइन्छ। घाँसका साथै दाना पनि खुवाउनुपर्छ। यो रोगबाट गर्भिणी र दूध खाने साना पशु बढी मरेका देखिन्छन्। यो रोग लागेपछि पशुको शरीरमा खटिरा आउँछन्। त्यसपछि भोजन नली र श्वास नलीमा पनि खटिरा आयो भने पशुमा निमोनिया हुन्छ। निमोनिया भएपछि वस्तु मर्ने गर्छन्। यो रोगमा 'सेकेन्डरी इन्फेक्सन' भयो भने मृत्यु हुन्छ। समयमै औषधि दिन सकियो भने रोग निको हुन्छ। यसैले उपचारमा लापरबाही गर्नुभएन। रोग लागेमा किसानले तुरुन्तै प्राविधिकको सहयोग लिइहाल्नुपर्छ।

पशु सेवा विभाग र अन्य संघ-संस्था पनि यसलाई नियन्त्रण गर्न लागि रहेका छन्। यसको रोकथामका लागि संघ, प्रदेश र स्थानीय तहले भ्याक्सिन र औषधिको प्रबन्ध गर्नुपर्छ। अर्कोतिर भ्याक्सिन महँगो भएकाले पनि कतिपय किसानलाई गाह्रो भएको सुनिन्छ। तर, यसमा सहयोग पनि जुटिरहेको छ। सरकार पनि नियन्त्रणमा लागि परेको देखिन्छ। खोपमा जोड दियौं भने ३-४ महिनामा यो रोग नियन्त्रणमा आउन सक्छ।

# पितृसत्ता के हो ?




पितृसत्ता पुरुषलाई प्रधान वा उच्च र महिलालाई सहायक वा नीच मान्ने सोचबाट निर्देशित शासनसत्ता हो । पितृसत्ताले पुरुषलाई प्रमुख, मूली वा प्रभुत्वशाली स्थानमा राख्छ भने महिलालाई पुरुषको मातहत वा पुरुषआश्रित ठान्छ । पितृसत्तामा वंश बाबुमा निहित हुन्छ र सन्तानको नागरिकता बनाउनसमेत बाबु नै चाहिन्छ । नेतृत्व भन्नेबित्तिकै पुरुष नै हो भन्ने सोच आउँछ । हरेक कुराको निर्णायक पुरुषलाई ठान्छ । पैतृक सम्पत्तिको पहिलो हकदार छोरो हुन्छ । आमाबाबुप्रतिको दायित्व पनि छोराकै मानिन्छ । जग्गाजमिन, उद्योगव्यवसाय जस्ता उत्पादनका साधन र स्रोतमाथिको स्वामित्व पुरुषकै नाममा हुन्छ ।

सिङ्गो समाज र राज्यसत्तामा पुरुषको मात्र वर्चस्व हुने भएकाले महिलालाई आश्रित, निरीह, अबला र परनिर्भरको रूपमा हेरिन्छ। महिलालाई जहिले पनि बाबु, दाइभाइ, श्रीमान्, छोरा, नाति आदि नातेदार पुरुषका साथमा मात्र सुरक्षित ठानिन्छ । पुरुषबिनाको जीवन बाँच्ने महिलामाथि निराधार र अनावश्यक लाञ्छना लगाइन्छ । नागरिकलाई सेवा दिन खडा गरिएका राज्यका निकायमा बस्ने व्यक्तिले महिला मात्र आएको अवस्थामा आफ्नो दायित्वअन्तर्गतको सेवा दिने काममा समेत आलटाल गरी काम अड्काउन खोज्छ । यो पितृसत्ताको चरित्र हो ।

पितृसत्तामा हरेक कुराको दोष महिलामाथि थोपरिन्छ । घरेलु हिंसा, जबरजस्ती करणी जस्ता अपराधका घटनामा समेत महिलालाई नै दोषी करार गर्ने प्रयत्न गरिन्छ । संविधानले स्विकारेको भए पनि पितृसत्ताले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई त महिलाभन्दा पनि अझ निकृष्ट दृष्टिले हेर्छ । यो समुदायका व्यक्तिलाई सबल मानव होइन, विकृतिका रूपमा प्रस्तुत गर्छ । पितृसत्ताले त्यसो गर्नु पनि लैङ्गिक हिंसा हो भन्ने ठान्दैन ।

**पितृसत्ताको शक्ति कहाँ छ ?**

पितृसत्ताले पुरुषको यौनाङ्ग (लिङ्ग) मा शक्ति देख्छ भने महिलाको यौनाङ्ग (योनि) लाई कमजोरीको आधार ठान्छ । सन्तान विस्तारको पहिलो आधार महिलामा रहेको प्रजनन शक्ति हो तर पाठेघर, महिनावारी, बच्चा जन्माउने, स्तनपान गराउने जस्ता प्राकृतिक क्षमतालाई नै पितृसत्तामा महिलाको कमजोरीका रूपमा व्याख्या गरिन्छ । अझ खसआर्य समुदायमा महिनावारी र सुत्केरी अवस्थालाई अशुद्ध ठानी छुवाछुत गर्दै महिलाको शक्तिलाई दमन गरिँदै आएको छ । पितृसत्ताले स्थापित गरेका यी र यस्ता रुढिवादी सोचका आधारमा महिलाहरू जन्मँदै कमजोर नागरिकका रूपमा स्थापित गर्ने कोसिस हुन्छ अनि पुरुष हैकम र प्रभुत्वलाई जन्मजात क्षमता र अधिकारयुक्त ठानिन्छ ।

पितृसत्ताद्वारा स्थापित संस्कार, संस्कृति, मूल्यमान्यता र व्यवहारले पुरुषलाई प्रभुको स्थानमा राख्छ भने महिलालाई उसको सेवकका रूपमा चित्रित गर्छ । वैवाहिक सम्बन्धपछि श्रीमान्-श्रीमतीलाई रथका दुई पाङ्ग्रा वा अर्धाङ्ग र अर्धाङ्गिनी भनिए पनि व्यवहारमा श्रीमान् मालिक र श्रीमतीलाई दासीको स्थानमा राख्छ । यस किसिमको व्यवहार मात्रात्मक रूपमा जाति, क्षेत्र र वर्गअनुसार फरक भए पनि आधारभूत रूपमा पुरुषको हैसियत उपल्लो दर्जाको मान्छ । पितृसत्ताले पुरुषको चरित्रमाथि कहिल्यै प्रश्न उठाउँदैन तर महिलाका हरेक गतिविधिलाई उसको चरित्र र नैतिकतासँग गाँसेर हेर्छ । पितृसत्ताले शक्तिको केन्द्र नै व्यक्तिको यौनिकतालाई मान्छ । यौनिकतामै पितृसत्ताको शक्ति र हेको छ ।

**पितृसत्ता चिन्ने कसरी ?**

जुन समाजमा पुरुष यौनाङ्ग (लिङ्ग) का आधारमा मानिसको क्षमता र योग्यता नापिन्छ, मर्यादा र सम्मानको आधार तय हुन्छ एवं कामको भूमिका निर्धारण गरिन्छ, त्यो पितृसत्तात्मक हो । जुन समाजमा हक, अवसर, अधिकार र जिम्मेवारी वा दायित्व निर्धारण गर्दा पुरुषलाई प्राथमिकतामा राखिन्छ, त्यो समाज पितृसत्तात्मक हो । पितृसत्तात्मक समाजमा समानताको कुरा गर्दा जहिले पनि शारीरिक, सामाजिक, आर्थिक, राजनीतिक रूपमा शक्तिमा हुनेले कमजोर पक्षमाथि पुरुष हिंसा गर्छ । साथै, लैङ्गिक हिंसाको चरम रूप जबरजस्ती करणी जस्ता आपराधिक घटनामा बालिका र किशोरीहरू सबैभन्दा बढी जोखिममा पर्छन् ।

यस्ता घटनाका अपराधी पक्ष स्वाभाविक रूपमा पुरुष हुन्छन् तर पुरुषप्रधान समाजले अपराधी पक्षको इज्जत, सम्मान र मर्यादामाथि औंला उठाई बहिष्कार गर्नुको सट्टा पीडितको 'अस्मिता' र परिवारको 'इज्जत' माथि प्रश्न उठाउन छाड्दैन । अपराधी पक्ष समाजमा ठाडो शिर गरेर हिँड्दै गर्दा पीडित पक्षले सधैं शिर निहुराउनुपर्ने अवस्था कायम हुन्छ । यो पितृसत्ताको सबैभन्दा घृणित रूप र प्रवृत्ति हो । समाजलाई मानवीय रङ दिनका लागि पनि यस्तो रूप र प्रवृत्तिमा परिवर्तन अपरिहार्य छ ।

लवाइ, खुवाइ, हिँडाइ, बसाइ, गराइ, बोलाइ आदि व्यवहारलाई सभ्यताको मापदण्ड बनाइन्छ भने त्यो मानसिकता र सोच पितृसत्तात्मक हो । शिशु जन्मँदा उसको स्वास्थ्यभन्दा पनि यौनाङ्गका आधारमा छोरा कि छोरी भन्दै बढी खुसी र कम खुसी हुने मनोभाव झल्कन्छ भने त्यो पितृसत्ताको सङ्केत हो ।

पुरुषले जे, जहिले र जसो गरे पनि सामान्य रूपमा लिने र महिलाका हरेक गतिविधिमाथि प्रश्न उब्जाउने मानसिकता र सोच पितृसत्तात्मक हो । समाजमा हुने कुनै पनि लैङ्गिक हिंसाका घटनामा महिलालाई दोषी करार गर्न हर प्रयत्न गर्ने सोच पितृसत्तात्मक हो । पुरुषलाई प्रधान वा मुख्य मान्ने सामाजिक मूल्यमान्यता, संस्कार र संस्कृतिका आधारमा हरेक ठाउँमा चरित्र र नैतिकतासँग सम्बन्धित विषयमा महिलामाथि मात्र प्रश्न तेर्स्याउने र पुरुषले अपराध नै गरे पनि 'छोरोमान्छे' भनेर उन्मुक्ति दिने/पाउने समाज पितृसत्तात्मक हो ।

लैङ्गिकताका आधारमा कार्यविभाजन र भूमिका निर्धारण गर्ने संस्कार पितृसत्तात्मक हो । छोरो वा पुरुष जतिखेर, जहाँ, जोसँग गए पनि वा आए पनि, जोसँग हिँडे, बोले र जे खाए, लाए पनि प्रश्न नगर्ने वा सामान्य रूपमा लिने तर छोरी वा महिला कहाँ गइन्, कतिखेर आइन्, कोसँग हिँडिन्, कोसँग बोलिन्, के लाइन् जस्ता आधारमा टिप्पणी गर्ने व्यक्ति, परिवार र समाज पितृसत्तात्मक हो ।

पितृसत्ताले हरेक ठाउँमा पुरुषलाई मूल र महिलालाई सहायकको रूपमा लिन्छ । सामाजिक विम्बमार्फत महिलालाई आश्रित देखाउने प्रयत्न हुन्छ । उदाहरण दिँदा पनि पुरुष वृक्ष महिला लहरा, पुरुष सूर्य महिला चन्द्रमा, पुरुष बिज महिला माटो, पुरुष प्रकाश महिला छाया, पुरुष संस्कृति महिला प्रकृति जस्ता विम्ब प्रयोग गर्छ । पितृसत्तामा आधारित विभेदकारी सोचको उपज हो, पितृसत्तात्मक मानक । पितृसत्तात्मक मानकले पुरुषप्रधानतामा आधारित व्यवहारमा संस्कृति र शोषणमा आधारित मान्यतामा सभ्यता देख्ने गर्छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बजेट कटौतीले मधेशका मिडिया मारमा




**धीरेन्द्रप्रसाद साह**

**साउन १६ गते, जनकपुर**

मधेश प्रदेश सरकारको नेतृत्व परिवर्तनको सिधा मारमा स्वरोजगार मूलक सञ्चार माध्यम परेको छ। प्रदेश सरकार सञ्चारमैत्रीभन्दा विरोधी जसरी प्रस्तुत भएको सञ्चारकर्मी तथा सञ्चार उद्यमीहरूको आरोप छ।

नीतिगत रूपमै मधेश प्रदेश सरकारले सञ्चार माध्यमलाई दिँदै आएको लोककल्याणकारी विज्ञापनसहित नियमित बजेटमा चार गुणा कटौती गरेका कारण सरकार सञ्चारमैत्री नभएको उनीहरूको आरोप छ। अघिल्लो प्रदेश सरकारले प्रदेशका विभिन्न सञ्चार माध्यमको संरक्षण, संवर्धन र क्षमता अभिवृद्धिका लागि आमसञ्चार प्राधिकरण नै गठन गरेर लोककल्याणकारी विज्ञापनका लागि बजेट विनियोजन गर्दै आएको थियो।

मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले लोककल्याणकारी विज्ञापनका लागि प्रत्येक वर्ष दुई करोड रुपियाँ विनियोजन गर्दै आएको थियो। लोककल्याणकारीसम्बन्धी कार्यविधि अभावमा सुरुका वर्षमा विनियोजित बजेट खर्च हुन नसकेको आमसञ्चार प्राधिकरणले जनाएको छ। लोककल्याणकारी विज्ञापन वितरण कार्य व्यवस्थित बनाउन कार्यविधि बनाइयो। कार्यविधि बनिसकेपछि प्राधिकरणले आव २०७८/७९ र २०७९/८० मा दुई दुई करोड रुपियाँ बराबरको लोककल्याणकारी विज्ञापन गरेको प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले जानकारी दिनुभयो। त्यस्तै आव २०७९/८० मा सरकारको नीति अनुसार बजेटमा २० प्रतिशत कट्टा गरिए अनुसार एक करोड ६० लाख बराबरको विज्ञापन वितरण गरेर खर्च भइसकेको उहाँले बताउनुभयो।

मधेश प्रदेश सरकारले चालु आव २०८०/८१ मा लोककल्याणकारी विज्ञापनका लागि ५० लाख रुपियाँ मात्र बजेट विनियोजन गरिएको छ। सरकारले ल्याएको नीति तथा कार्यक्रममा लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने उल्लेख गरिएको थियो तर बजेटमा चार गुणाले कटौती गरिएको छ। यसरी सञ्चार माध्यमका लागि दिँदै आएको लोककल्याणकारी विज्ञापनको बजेट काट्ने सरकारलाई सञ्चारमैत्री भन्न नसकिने आजको वातावरण दैनिकका प्रकाशक/सम्पादक वैद्यनाथ झाले बताउनुभयो। "सरकारले महँगी अनुसार लोककल्याणकारी विज्ञापन बजेटमा वृद्धि गर्नु पर्थ्यो," उहाँले भन्नुभयो, "उल्टै बजेट कटौती गरिएको छ।" चार दशकको अनुभव सुनाउँदै उहाँले सङ्घीय सरकारले दिँदै आएको लोककल्याणकारी विज्ञापन रकम आजसम्म कहिल्यै पनि कटौती गरेको छैन। बरु एक दुई वर्षमा र कम वृद्धि गर्दै आएको छ।

यता प्रदेश सभाको बजेटमाथि छलफलमा प्रदेश सभा सदस्य रामआशिष यादव, सतीशकुमार सिंह, मालाकुमारी कर्ण, ललिता दासलगायतले प्रदेश सरकारले मिडिया क्षेत्रको बजेट कटौती गरी उपेक्षा गरेकोप्रति आक्रोश व्यक्त गर्दै अविलम्ब बजेट थप्न माग गर्नुभएको थियो। प्रजातन्त्र, लोकतन्त्र, माओवादी जनयुद्ध, मधेश आन्दोलनलगायतका अधिकार प्राप्तिका आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउँदै उहाँले भन्नुभएको थियो, "मिडिया लोकतन्त्रको अक्सिजन हो, आलोचनाबाट डराउनु हुँदैन। सचेत गराउनु पत्रकारिताको दायित्व हो।" मधेश प्रदेशका मिडियाहरूको संरक्षणका लागि लोककल्याणकारी विज्ञापन, पत्रकारको स्वास्थ्य र दुर्घटना बिमा, वृत्तिविकासका लागि समुचित बजेट थप्न माग गर्दै उहाँहरूले अर्थ मन्त्रालयले मिडिया क्षेत्रलाई उपेक्षा गरेको बताउनुभएको थियो।

तत्कालीन मुख्यमन्त्री राउत नेतृत्वको सरकारले मिडिया क्षेत्रको विकास एवं प्रवर्धनका लागि आमसञ्चार प्राधिकरण र मिडिया काउन्सिल गठन गरी समुचित बजेट व्यवस्थापन गरेको थियो। लोककल्याणकारी विज्ञापनका लागि वार्षिक दुई करोड रुपियाँ विनियोजन गर्दै आएकोमा आव २०८०/८१ का लागि अर्थ मन्त्रालयले एक करोड ५० लाख कटौती गरी ५० लाख रुपियाँमा झारेको छ। यसै गरी आमसञ्चार प्राधिकरणको वार्षिक बजेट एक करोड ५० लाख रहेकोमा यो वर्ष कटौती गरी २५ लाख तथा मिडिया काउन्सिलको वार्षिक बजेट एक करोड रुपियाँ रहेकोमा यो वर्ष घटाएर २५ लाखमा झारिएको छ।

मिडिया काउन्सिल मधेश प्रदेशका कार्यबाहक अध्यक्ष कैलाश दासले यसअघि घरभाडा, पानी, बिजुली, पदाधिकारीको तलब सुविधा, सवारीचालक, कार्यालय सहयोगीको तलब, गाडी इन्धन खर्च, मिडियासम्बन्धी कार्यक्रमसहित एक करोड बजेट दिँदै आएकोमा यस वर्ष २५ लाख रुपियाँ बजेट विनियोजन गरेका कारण ती सबै कार्य गर्न समस्या हुने बताउनुभयो। नेपाल पत्रकार महासङ्घ मधेश प्रदेशका महासचिव श्याम बन्जारले प्रदेश सरकाले मिडिया प्रवर्धनका लागि स्थापना गरिएका संयन्त्रलाई झन् बढी बजेट दिनुको साटो बजेट कटौती गर्नु सरकारले मिडियाप्रति आफ्नो वक्रदृष्टि उजागर गरेको बताउनुभयो। मधेश प्रदेशमा छापा माध्यम १७२, एफएम १०७, टिभी ११, प्राधिकरणमा दर्ता अनलाइन २३ वटा रहेको प्राधिकरणले जनाएको छ।

तीमध्ये गत आवमा सूचीकृत दैनिक ३९, साप्ताहिक ८८, मासिक/द्वैमासिक/त्रैमासिक सात, एफएम ४९, टिभी सात वटाले लोककल्याणकारी विज्ञापन प्रकाशनबापत रकम प्राप्त गरेको प्राधिकरणले जनाएको छ। आर्थिक अभावका कारण करिब दुई दर्जन मिडिया बन्द भइसकेको छ।

## काठमाडौंमा सुन तस्करका अखडा : जहाँ भेटिए पगाल्नेदेखि जोख्नेसम्मका मेसिन



**खबर दर्पण समाचारदाता**

**साउन १६ गते, काठमाडौं**

हङकङ हुँदै त्रिभुवन विमानस्थलबाट बाहिरिसकेर सिनामंगलबाट बरामद भएको सय किलो सुनको मालिक खोज्नेक्रममा राजस्व अनुसन्धान विभागले छापा मारिरहेको छ। विभागले काठमाडौंका केही स्थानमा छापा मारेर प्रमाण पनि संकलन गरिरहेको छ।

गत साउन २ गते सिनामंगलबाट सुन बरामद गरेदेखि सुन भित्र्याउने मुख्य लगानीकर्ता खोज्न विभागको पाँच सदस्यीय टोली खटिएको छ। ९० दिनको समय पाएको राजस्वले साउन १५ गतेसम्म १८ जनालाई नियन्त्रणमा लिएर बयान लिइरहेको छ।

पक्राउ परेकाहरुको बयानका आधारमा राजस्वको टोलीले काठमाडौंका केही स्थानमा छापा मारेर प्रमाण फेला पारेको हो। ब्रेक शुमा राखेर भित्र्याइएको सुन बरामद् भएपछि राजस्वको टोलीले अनुसन्धान गरिरहेको छ। अहिलेसम्म बालुवाटारमा ब्रेक शुबाट सुन निकाल्ने, सोह्रखुट्टेमा गोदाम र टोखामा सुन प्रशोधन गर्ने मेसिन फेला पारेको छ। सुनको तस्करीमा संलग्न भएको प्रमाण फेला परेपछि चिनियाँ नागरिक जिक्वाङ लिन र तिब्बती मूलका बेल्जियन नागरिक दावा गुरुङ पक्राउ गरेको छ।

साउन २ मा बरामद गरिएको सुनका मालिक लिन र दावाको भए-नभएको विभागले अनुसन्धान गरिरहेको छ।

तर, नेपालमा सुन तस्करी गर्ने कार्यमा रहेका केही व्यापारिक घराना राजस्वको अनुसन्धान घेरामा छन्।

राकेश अडुकिया, दीपक मलहोत्रा र सञ्जय बबैया भनिने एक व्यक्तिमाथि राजस्वको टोलीले निगरानी गरिरहेको छ।

अडुकिया अहिलेसम्म सम्पर्कमा नआएको राजस्वका अनुसन्धान अधिकारी बताउँछन्।

राजस्वले अहिलेसम्म सुन गाल्न प्रयोग हुने ४ थान मेसिन, ब्रेक शु काट्न, सुन प्रशोधन गर्ने मेसिन, जोख्ने मेसिन र गालिसकेको सुनलाई राख्ने भाँडा सबै बरामद गरेको छ।तस्करीकै लागि टोखामा कृषि फार्म नामको कम्पनी स्थापना गरेर भित्र सुन प्रशोधन भइरहेको फेला पारेको आयोग स्रोतले जनाएको छ। अझै धेरै स्थानमा विभिन्न देशबाट विभिन्न सामानमा राखेर सुन भित्र्याई तस्करी भइरहेको राजस्वको निष्कर्ष छ।








*नियमित कर तिरी नगर विकासमा सहभागी बनौं ।*
*कर तिर्नु सभ्य नागरिकको पहिचान हो समयमै कर चुक्ता गरौं*

**औरही नगरपालिका कार्यालय**

**महोत्तरी**

# मधेशभरि 'लम्पी स्किन' विरुद्धको खोप लगाइने



**खबर दर्पण समाचारदाता**

**साउन १६ गते, जनकपुर**

मधेश प्रदेश सरकारले प्रदेशभरि गाईबस्तुमा 'लम्पी स्किन' रोगविरुद्धको खोप लगाउन सुरु गरेको छ। सोमबार जनकपुरधामस्थित सीताराम गौशालामा एक कार्यक्रमको आयोजना गर्दै औपचारिक रूपमा प्रदेशको आठ वटै जिल्लामा एकसाथ 'लम्पी स्किन' रोगविरुद्धको खोप लगाउन सुरु गरिएको हो।

मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले 'लम्पी स्किन' रोगविरुद्ध खोप लगाउन आठ वटै जिल्लामा सुरु भएको जानकारी दिनुभयो।

उहाँले प्रदेश सरकारले पहिलो चरणमा ल्याएको खोप पर्याप्त मात्रामा नरहेको चर्चा गर्दै स्थानीय सरकारलाई पनि आफ्नो बजेटबाट खोप खरिद गर्न आग्रह गर्नुभयो। मन्त्री न्यौपानेले प्रदेशमा खोप अझै आवश्यक पर्ने हुँदा सङ्घ सरकारसँग खोप माग्न पहल भइरहेको जानकारी दिनुभयो।

मन्त्री न्यौपानेका अनुसार प्रदेश सरकारले विपत् व्यवस्थापनको रकमबाट पहिलो चरणमा प्रदेशका लागि ६४ हजार खोप खरिद गरिएको छ। प्रदेशको प्रत्येक जिल्लालाई आठ हजार डोज खोप उपलब्ध गराइएको छ।

उहाँले यतिले मात्र पर्याप्त नहुँने हुँदा स्थानीय तहसँग रहेको खोपको बजेटबाट खोप खरिद गर्न आग्रह गर्नुभयो।


भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी एवं पशु चिकित्सक डा. रन्जितकुमार अधिकारीका अनुसार लक्षण नदेखिएका स्वस्थ पशुमा मात्र यो खोप लगाइन्छ। त्यसैले 'लम्पी स्किन' रोग लाग्न नदिन खोप पशुमा लगाउने गरिएको छ। रोग लागेका पशुलाई अन्य उपचारको माध्यमबाट निको बनाउन कोसिस भइरहेको छ।

चिकित्सक अधिकारीले हाल प्रदेश सरकारले खरिद गरेको ६४ हजार र स्थानीय तहले खरिद गरेको ४५ हजार ८२५ गरी प्रदेशमा एक लाख नौ हजार ८२५ डोज खोप लगाइने जानकारी दिनुभयो। उहाँका अनुसार प्रदेशको आठ वटै जिल्लामा 'लम्पी स्किन' रोग देखापरेको छ।

हालसम्म गाईगोरुमा ६५ हजार ७१२ र भैँसीमा दुई हजार ७०४ गरी जम्मा ६८ हजार ७१६ पशु 'लम्पी स्किन' रोगबाट ग्रसित रहेका छन्। उक्त रोगबाट मृत्यु हुने पशुको सङ्ख्यामध्ये गाई र गोरु गरी दुई हजार १९ र छ वटा भैँसी गरी जम्मा दुई हजार २५ पशु रहेको पशु चिकित्सक अधिकारीले जानकारी दिनुभयो। यस रोगबाट प्रदेशमा सबैभन्दा बढी सङ्क्रमित गाई देखिएको बताइन्छ। प्रदेशमा गाई र भैँसी गरेर पशुको सङ्ख्या २४ लाख बढी रहेको छ।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालका सचिव नम्रता सिंहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साह, प्रदेशका आठै जिल्लाका पशु चिकित्सक उपस्थिति थियो।

जन्मको ३५ दिन भित्र आ-आफ्ना वडा कार्यालयमा गई बच्चाको जन्मदर्तागराऔं र असल अभिभावकको जिम्मेवारी बहन गरौं ।
**बटेश्वर गाउँपालिका बटेश्वर, धनुषा**




# गौशालामा मालपोत र नापी कार्यालयको सेवा सुचारुका लागि प्रधानमन्त्रीलाई ज्ञापनपत्र



**खबर दर्पण समाचारदाता**

**साउन १६ गते, महोत्तरी**

महोत्तरीको गौशाला नगरपालिकामा २०७८ चैत २२ गते नेपाल सरकारले गौशालामा स्थापना भएको एकीकृत सेवा केन्द्र अन्तर्गत मालपोत र नापी कार्यालयको यथासिघ्र सेवा सुचारुका लागि प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापनपत्र बुझाईएको छ ।

सोमबार प्रधानमन्त्री कार्यालय पुगेका महोत्तरीका सर्वदलीय टोलीको तर्फबाट नेपाली कांग्रेसका नेता एबम पुर्वसभासद सीताराम भण्डारीले सो ज्ञापनपत्र प्रधानमन्त्री प्रचण्डलाई बुझाईएको हो ।

गौशालाबाट आएको पूर्वसभासद, जनप्रतिनिधी, व्यापारी तथा राजनितीकदलका प्रतिनिधीहरुले सो ज्ञापनपत्र बुझाएको हो ।

गौशाला नगरपालिका नगर प्रमुख डा.दिपेन्द्र महतो,औरही नगरपालिका नगर प्रमुख प्रदिप कुमार खड्का,सोनमा गाउँपालिका गाउपलिका अध्यक्ष बिशेस्वर यादव लगायत राजनीति दल, ब्यपारीवर्गहरु लगायतका टोलीले छिटो भन्दा छिटो नापी र मालपोतको सेवा गौशालाबाट संचालन गर्नुपर्ने सो भेटको क्रममा प्रधानमन्त्रीलाई जानकारी गराएको थियो ।

यता रामगोपालपुर नगरपालिका र सम्सी गाउपालिकाको सेवा रामगोपालपुरबाट संचालन गर्नका लागि प्रधानमन्त्री समक्ष जानकारी गराईएको टोलीमा सहभागी पुर्व साँसद गिरीराजमणि पोखरेलले जानकारी गराएका छन् । भेटको क्रममा प्रधानमन्त्रीले सकभर चाँडै नै सेवा संचालनमा आउने प्रतिबद्धता ब्यक्त गरेका छन् ।

# क्षीरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगर बजार क्षेत्रमा फुटपाथ खाली गर्ने अभियान सुरु



**खबर दर्पण समाचारदाता**

**साउन १६ गते, महेन्द्रनगर**

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाको मुख्य बजार क्षेत्र महेन्द्रनगरमा फुटपाथ मिचेर निर्माण गरिएका संरचना हटाउने अभियान मंगलवार देखि सुरु गरिएको छ। क्षीरेश्वरनाथ नगरपालिका महेन्द्रनगरलाई सफा, सुन्दर, व्यवस्थित र विकसित बनाउने नगरपालिकाको अभियानअन्तर्गत बजार क्षेत्रमा निर्माण गरिएका संरचना हटाउन सुरु गरिएको मेयर सुखदेव यादवले बताउनुभयो। उहाँले नगरवासीले यही बेला फुटपाथ हटाउने अभियानलाई साथ र सहयोग गरेर व्यवस्थित सहर बनाउने अभियानमा प्रेरणा थप्नुपर्ने बताउनुभयो।

नगरपालिकाले १५ दिने सूचना जारी गरेको थियो। व्यापारीले अटेर गरेपछि बल प्रयोग गरेर हटाउन थालिएको छ। "महेन्द्रनगरलाई व्यवस्थित बनाउने अभियानमा साथ दिन नगरवासीलाई आग्रह गर्दछु" मेयर यादवले भन्नुभयो। सुन्दर सहर हामी सबैको अभियान हुनपर्छ। नगरपालिकाले बजार क्षेत्रभित्र सौन्दर्यीकरण, दुर्घटना न्यूनीकरण तथा फुटपाथ नियन्त्रणका लागि भन्दैसार्वजनिक सूचना जारी गरेको थियो। सार्वजनिक सूचना जारी र पटक-पटक माइकिङ गर्दा पनि व्यापारीले अटेर गरेपछि बाध्य भएर अभियान सञ्चालन गर्नुपरेको नगरपालिकाको दाबी छ। अभियानअन्तर्गत छ लेन सडकको फुटपाथमा पसलमा निर्माण गरेका अवैध संरचना हटाइएको छ। अभियानलाई हरेक दिन सञ्चालन गरिने नगरपालिकाले जनाएको छ।

# पेट्रोल डिजेलको मूल्य बढ्यो, ग्यासको घट्यो

पेट्रोलियम पदार्थको मूल्य बढेको छ । नेपाल आयल निगमले पेट्रोलमा प्रतिलिटर ९ रुपैयाँ, डिजेल र मट्टितेलमा ७ रुपैयाँ बढाएको छ । त्यस्तै एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डर १३० रुपैयाँ घटाएको छ ।

भारतबाट मूल्य बढेर आएका कारण बढाइएको आयल निगमले जानकारी दिएको छ । अब पेट्रोलको मूल्य प्रतिलिटर पहिलो वर्गमा १७०, दोस्रो वर्गमा १७२ र तेस्रो वर्गमा १७३ रुपैयाँ पुगेको छ ।

त्यस्तै डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गमा १५०, दोस्रोमा १५२ र तेस्रो वर्गमा १५३ रुपैयाँ कायम भएको छ । एलपी ग्यासको मूल्य भने प्रतिलिण्डिर १६६० मा झरेको निगमले जनाएको छ ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कमप्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा